# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


च.नं.: नेपाल संवत ११४५

प.सं. २०८२/०८३ मितिः-२०८२/०५/२२

## *हे.अ. तथा अ.हे.व. पदमा करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना*
### *(प्रथम पटक प्रकाशित मिति २०८२/०५/२२)*

यस मालिका गाउँपालिका अन्तरगत स्वास्थ्य चौकीमा रिक्त रहेको तपसिलमा उल्लेखित स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह,सहायक पाँचौ तथा चौथो तहमा हे.अ. तथा अ.हे.व. पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा रित पूर्वकको दरखास्त पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०७/०८२/०८३ | हे. अ. | सहायक पाँचौ | १ जना |
| २ | ०८/०८२/०८३ | अ.हे.ब. | सहायक चौथो | १ जना |

***१.आवश्यक न्यूनतम योग्यताः-***

क) हे.अ.तथा अ.हे.व. पदको लागि लोक सेवा आयोगले तोके बमोजिमको योग्यता हुनुको साथै सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ।

**२. दरखास्त दिने स्थानः**-मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अर्खावाङ्ग, गुल्मी ।

**३.दरखास्त दिने अन्तिम मितिः**- २०८२/०५/२८ गते कार्यालय समय भित्र। यदि उक्त दिन सार्वजनिक विदा भएको खन्डमा अर्को दिन आवेदन पेश गर्न सकिनेछ।

**४.आवेदन दस्तुर** : हे.अ.पदको लागि रु.७०० र अ.हे.ब. पदको लागि रु.५००/-

**५. छनौटको किसिमः**-लिखित र अन्तर्वाता ।

**६.आवेदन साथ संलग्न कागजातहरुः**-आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपीहरुः-

क) नेपाली नागरिकताको प्रतिलिपी

ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी

ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी

घ) २ प्रति पासपोर्ट साइजको फोटोहरु

**७.सेवा सुविधा तथा अन्यः**- नेपाल सरकारले तोके बमोजिम वा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।

**८.आवेदनको ढाँचा तथा पाठ्यक्रमः**-नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**९.फाराम पाइने स्थानः**- मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अर्खावाङ्ग गुल्मी तथा मालिका गाउँपालिकाको वेभसाइट www.malikamungulmi.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

१०.रित पूर्वक नआएका निवेदनका सम्बन्धमा कुनै कारवाही हुने छैन।

११.कर्मचारी छनौट सम्बन्धी परीक्षा सञ्चालनका लागि पुनः सूचना प्रकाशन गरिनेछ।

थप जानकारीको लागि यस गाउँपालिकाको स्वास्थ्य शाखा तथा प्रमुख प्रशासकीय अधिकृतसँग सम्पर्क गर्न सक्नुहुनेछ। थप जानकारीको लागि मो.बा. नं.९८५७०६७९०६मा सम्पर्क गर्न सक्नुहुनेछ।

तारा जि.सी.अर्याल

नि.प्रमुख प्रशासकीय अधिकृत

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**